Nepal Red Cross Society
National Headquarters

Red Cross Marg, Kalimati, Kathmandu
Post Box NO: 217
Phone: +977-1-4270650, 4272761
Fax: +977-1-4271915
E-mail: nrcs@nrcs.org
Website: www.nrcs.org
**Free Hotline Service Number : 1130**

Ref No.

## स्वयंसेवकहरू आवश्यकतासम्बन्धी सूचना
## प्रकाशित मिति : २०७८/०४/४

नेपाल रेडक्रस सोसाइटीबाट भोजपुर, संखुवासभा, तेह्रथुम, ताप्लेजुङ्ग, उदयपुर, सिराहा, बारा, सिन्धुली, दोलखा, नुवाकोट, सिन्धुपाल्चोक, बाग्लुङ्ग, गोरखा, लम्जुङ्ग, म्याग्दी, नवलपरासी पूर्व, पवर्त, स्याङ्जा, कपिलबस्तु, गुल्मी, पाल्पा, प्यूठान, रुकुम पूर्व, सल्यान, जुम्ला, सुर्खेत, दैलेख, कैलाली, अछाम, डोटी, कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्लाहरुमा सञ्चालित कोभिड-१९ प्रतिकार्य तथा पूर्वतयारी कार्यक्रमहरुका लागि निश्चित अवधि करार (Fixed Term Contract) मा स्वयंसवकहरू पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको योग्यता र अनुभव पुगेका इच्छुक नेपाली नागरिकहरूबाट निवेदनसहित आफूले प्राप्त गरेका शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र आफ्नो व्यक्तिगत विवरण (Curriculum Vitae) संलग्न गरी आवेदन दिने पद स्पष्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ ( २०७८/०४/१० गते साझ ५ बजेसम्म) दिन भित्र सोसाइटीको vacancy@nrcs.org मा आवेदन पठाउन हुन सूचित गरिन्छ ।

म्याद नाघी आएको आवेदनउपर कुनै कारवाही हुने छैन । विज्ञापन गरिएका पदहरूको सूची संक्षेपिकरण (Short Listing) गरिनेछ । सूची संक्षेपिकरणका आधारमा अन्तर्वार्तासम्बन्धी जानकारी पछि उपलब्ध गरइनेछ । पदहरूको कार्यविवरण (Job Description) सोसाइटीको वेबसाइटमा http://www.nrcs.org मा हेर्न सकिनेछ ।

Nepal Red Cross Society

## कार्य विवरण

| | |
|---|---|
| पद/संख्या | स्वयंसेवक (कोभिड १९ प्रतिकार्य कार्यक्रम सञ्चालित जिल्लामा ३४ जना ) |
| कार्य गर्ने निकाय | नेरेसो स्वास्थ्य सेवा विभाग अर्न्तगत |
| जवाफदेही | स्वास्थ्य सेवा विभागका निर्देशक/ कोभिड-१९ प्रतिकार्य कार्यक्रमका संयोजक/ कार्यक्रम अधिकृत (स्वास्थ्य) |
| समन्वय गनुपर्ने निकायहरु | नेरेसोका अन्य विभागहरु (जस्तै संगठन विकास, विपद् व्यवस्थापन, जुनियर तथा युवा, मानविय मूल्य तथा सञ्चार, सामुदायिक विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीता), जिल्ला कार्यक्रम कार्यसंचालन समिति, पालिका स्वास्थ्य शाखा, स्वास्थ्य कार्यालय(जिल्ला) महिला स्वास्थ्य स्वयंसेविका, जिल्ला केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिङ समूह, जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र |
| समयावधी / पारिश्रमिक | स्वयंसेवकहरुलाई नेरेसोको कोभिड-१९ प्रतिकार्य निर्देशिका तथा कार्ययोजनामा तोकिए बमोजिम एकमुष्ठ प्रति महिना रु.५०,०००। पारिश्रमिक प्रदान गरिनेछ । कार्यक्रमको अवधि जुलाई २०२१ देखि डिसेम्बर २०२१ सम्म रहेकोछ । |
| कार्यगर्ने स्थान | कोभिड १९ प्रतिकार्य कार्यक्रम सञ्चालित ३४ जिल्लाहरु |

**संक्षिप्त कार्यविवरण :**

स्वयंसेवकहरुले मुख्य रुपमा कार्यक्रम सञ्चालित जिल्लाहरुमा कोभिड-१९ प्रतिकार्य कार्यक्रमको योजना तर्जुमा, प्रशासनिक कार्य, लेखा व्यवस्थापनमा सहयोग तथा तोकिएको समयमा आर्थिक तथा प्रगति प्रतिवेदन पठाउने, गतिविधिहरु कार्यान्वयन तथा सञ्चालन र अनुगमन तथा मूल्याङ्कन गर्नुपदर्छ । जिल्ला शाखामा खटिएका स्वयंसेवकहरुले जिल्ला भित्रका विभिन्न गाँउ/नगरपालिका तथा कार्यक्रम सञ्चालित क्षेत्रहरुमा कार्यक्रम सञ्चालनका लागि भ्रमण गनुपर्ने छ मुख्य रुपमा नेरेसो स्वास्थ्य सेवा विभाग, जिल्ला शाखा तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गनुपर्ने छ ।

**भुमिका तथा जिम्मेवारी**

१. स्थानीय सरोकारवाला निकायहरुसँग सहकार्य एवं समन्यव गरी प्रतिकार्यका कार्यक्रमको योजना तर्जुमा गर्न सहयोग गर्ने, गविविधिहरु सञ्चालन गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने ।
२. स्थानीय स्वास्थ्य स्वयंमसेवक तथा पालिकास्तरका स्वास्थ्यका कर्मचारीहरुको (जस्तै महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य कर्मीहरु, जिल्ला केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिङ समूह) क्षमता अभिवृद्धि गर्न सहयोग पुर्‍याउने ।
३. जिल्ला तथा पालिकास्तरमा सञ्चालित कोभिड-१९ पूर्वतयारी तथा प्रतिकार्य र कोभिड-१९ विरुद्धको खोप अभियानसँग सम्बन्धि गतिविधिहरुको नियमित अनुगमन तथा सहयोग गर्ने । साथै उक्त गतिविधिहरुको प्रगति विवरण जिल्ला तथा केन्द्रीय कार्यालयमा पठाउने ।
४. कोभिड-१९ को जोखिममा रहेका संकटासन्न समूह तथा क्षेत्रहरुको पहिचान गर्ने कार्यमा सहयोग गर्ने ।
५. स्थानिय पालिका तथा जिल्ला शाखाको समन्वय तथा सहयकार्यमा कोभिड-१९ तथा अन्य सम्भावित जनस्वास्थ्यका समस्याहरुसँग सम्बन्धि गतिविधिरुको अनुगमन, मूल्याङ्कन तथा विवरण तयार तथा सम्वन्धित निकायहरुमा पेश गर्न सहयोग गर्ने ।
६. जिल्ला शाखा, केन्द्रीय कार्यालय तथा अन्य सरोकारवाला निकायहरुलाई आवश्यकता अनुसार दैनिक, साप्ताहिक, मासिकरुपमा प्रतिवेदन तयार गरी पेश गर्ने ।
७. स्थानीय पालिका तथा केन्द्रीय कार्यालयसँगको समन्वयमा समुदायस्तरमा जोखिम सञ्चार तथा सामुदायीक जवाफदेहीता सम्बन्धी गतिविधिहरुको कार्यान्वयन गर्ने ।
८.जिल्ला शाखासँगको समन्वयमा स्थानीय स्वयंसेवकहरु तथा जुनियर, युवा सर्कलका सदस्यहरुको पहिचान गरी आवश्यकता अनुसार परिचालन गर्ने ।
९. स्थानीय पालिका तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्रतिकार्य कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि थप श्रोतहरुको व्यवस्थापन गर्नका लागि सहयोग पुर्‍याउने ।
१०. केन्द्रीय कार्यालय, प्रदेश कार्यालय तथा जिल्ला शाखाले तोकिएका अन्य कार्य गर्ने ।

**योग्यता**

१. न्यूनतम प्रविणता प्रमाणर्पत्र तह वा सो सरह शैक्षिक योग्यता भएका रेडक्रसका स्वयंसेवक तथा कार्यरत र पूर्वकर्मचारीहरु यस प्रकृयामा सहभागी हुनसक्नेछन् । स्वास्थ्य विषय अध्यन गरेकाहरुलाई विशेष ग्राहयता दिइने छ ।
२. स्थानीयलाई प्राथमिकता दिइने छ ।

Nepal Red Cross Society

| कार्य विवरण | |
|---|---|
| पद/संख्या | मनोसामाजिक सहयोग स्वयंसेवक (नेरेसोको प्रदेश कार्यालयमा ७ जना ) |
| कार्य गर्ने निकाय | नेरेसो स्वास्थ्य सेवा विभाग अन्र्तगत |
| जवाफदेही | स्वास्थ्य सेवा विभागका निर्देशक/ कोभिड-१९ प्रतिकार्य कार्यक्रमका संयोजक |
| समन्वय गनुपर्ने निकायहरु | नेरेसोका अन्य विभागहरु (जस्तै संगठन विकास, विपद् व्यवस्थापन, जुनियर तथा युवा, मानविय मूल्य तथा सञ्चार, सामुदायिक विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीता), प्रदेश कार्यालय, प्रादेशीक आपत्कालिन स्वास्थय कार्यसञ्चालन केन्द्र, कोभिड १९ प्रतिकार्य कार्यक्रम सञ्चालित ३४ जिल्लाहरुका स्वयंसेवकहरु, मानसिक स्वास्थ्य तथा मनोसामजिक सहयोग फोकल पर्सन |
| समयावधी / पारिश्रमिक | स्वयंसेवकहरुलाई नेरेसोको कोभिड-१९ प्रतिकार्य निर्देशिका तथा कार्ययोजनामा तोकिए बमोजिम एकमुष्ठ प्रति महिना रु.३०,०००। पारिश्रमिक प्रदान गरिनेछ। कार्यक्रमको अवधि जुलाई २०२१ देखि डिसेम्बर २०२१ सम्म रहेकोछ। |
| कार्यगर्ने स्थान | नेरेसोको ७ वटा प्रदेश कार्यालयमा |

**संक्षिप्त कार्यविवरण :**
स्वयंसेवकहरुले मुख्य रुपमा नेरेसोको प्रदेश कार्यालयमा रही प्रदेश भित्रका सम्पूर्ण जिल्लाहरुमा मनोसामाजिक सहयोग सेवा आवश्यकता अनुसार प्रदान गर्नुपर्नेछ। साथै आवश्यकता अनुसार प्रदेशक कार्यालयको कार्यहरुमा पनि सहयोग गनुपर्ने छ। स्वयंसेवकहरुले प्रत्येक महिना प्रगति प्रतिवेदन र कोभिड-१९ प्रतिकार्य कार्यक्रम मार्फत सहयोग गरिएको सामग्रीहरुको भर्पाइ र प्रतिवेदन पनि केन्द्रीय कार्यालयमा पठाउन सहयोग गर्नुपर्नेछ। मुख्य रुपमा नेरेसो स्वास्थ्य सेवा विभाग, प्रदेश कार्यालय तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गनुपर्ने छ।

## भुमिका तथा जिम्मेवारी

१. प्रदेशस्तरीय सरोकारवाला निकायहरुसँग सहकार्य एवं समन्यव गरी प्रतिकार्यका कार्यक्रममा सहयोग गर्ने।
२. जिल्ला शाखाहरु तथा कोभिड-१९ प्रतिकार्य कार्यक्रममा जिल्लामा परिचालित स्वयंसेवकहरुसँग समन्वय गरी मनोसामाजिक स्वास्थ्य स्थितिको बारेमा जानकारी लिई आवश्यकताका आधारमा मनोविमर्श, मनोवैज्ञानिक प्राथमिक उपचार सेवा प्रदान गर्ने र सेवा आवश्यकताका आधारमा अग्रवर्ति सेवाका लागि प्रेषण गर्ने।
३. मनोवैज्ञानिक प्राथमिक उपचार, प्रशिक्षण, आत्महत्या रोकथाम कक्षा , तनाव सामना र स्वहेरचाह कक्षाहरु केन्द्र तथा जिल्ला शाखाहरुसँग समन्वय गरी सञ्चालन गर्ने।
४. जिल्ला केस अनुसन्धान तथा कन्ट्याक्ट ट्रेसिङ समूहसँग समन्वय गरी उनीहरुको क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने।
५. नेरेसो प्रादेशीक कार्यालय, केन्द्रीय कार्यालय तथा अन्य सरोकारवाला निकायहरुलाई आवश्यकता अनुसार दैनिक, साप्ताहिक, मासिकरुपमा प्रतिवेदन तयार गरी पेश गर्ने।
६. प्रादेशीक सरकार, स्थानीय पालिका तथा सरोकारवाला निकायहरुसँग समन्वय गरी प्रतिकार्य कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि थप श्रोतहरुको व्यवस्थापन गर्नका लागि सहयोग पुऱ्याउने।
७. कोभिड-१९ प्रतिकार्य कार्यक्रम मार्फत सहयोग गरिएको सामग्रीहरुको भर्पाइ र प्रतिवेदन केन्द्रीय कार्यालयमा पठाउन सहयोग गर्ने।
८. केन्द्रीय कार्यालय, प्रदेश कार्यालय तथा जिल्ला शाखाले तोकिएका अन्य कार्य गर्ने।
९.जिल्ला शाखाबाट परिचालित स्वयंसेवक तथा कर्मचारीहरुको स्वहेरचाह सुनिश्चित गर्ने।
१०. जिल्ला शाखाबाट सञ्चालित मनोसामाजिक सहयोग गतिविधिहरुको अनुगमन गर्ने।

## योग्यता

१. न्यूनतम प्रविणता प्रमाणपत्र तह वा सो सरह शैक्षिक योग्यता भएका रेडक्रसका स्वयंसेवक तथा कार्यरत र पूर्वकर्मचारीहरु यस प्रकृयामा सहभागी हुनसक्नेछन्। मनोसामाजिक विमर्श तालिम लिएका र स्वास्थ्य विषय अध्यन गरेकाहरुलाई विशेष ग्राहयता दिइने छ।
२.मान्यता प्राप्त निकायबाट मनोपरामर्श प्रशिक्षण सफलात पूर्वक सम्पन्न गरेको हुनुपर्ने छ।
३.स्थानीयलाई प्राथमिकता दिइने छ।